अशोक कार्की
नगर प्रमुख

आ०व० २०७९।०८० को ऐन संख्या-२
नगर सभाबाट पारित मिति २०७९।०३।१०

# बेलका नगरपालिकाको आर्थिक ऐन, २०७९

बेलका नगरपालिका

आर्थिक ऐन, २०७९

नगरसभाबाट पारित मितिः २०७९/०३/३०

प्रस्तावनाः बेलका नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकाले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम नगर सभाको दशौं अधिवेशनबाट यो ऐन पारित भएको छ। यो ऐन बेलका नगरपालिका, नगरसभाको दशौं अधिवेशनबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएपछी लागू हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ

यस ऐनको नाम "बेलका नगरपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ ।

२. परिभाषा

१. सम्पत्ती कर

यस बेलका नगरपालिकाका क्षेत्र भित्र सम्पत्ति कर संकलन गर्ने उद्देश्यले नगर सभाले निर्णय गरे अनुसार सम्पतिको मूल्याङ्कन गरी क्रमश आ.व.२०७९।०८० बाट सम्पत्ति कर लगाइने र असुल उपर गर्ने कार्य थालनी गरिनेछ।

२. भूमि कर (मालपोत)

यस बेलका नगरपालिकाका क्षेत्र भित्र जग्गा हुने जग्गाधनीहरुबाट वार्षिक रुपमा तोकिए बमोजि भूमि कर (मालपोत) लगाईने र असूल उपर गरिनेछ । र आ.व.२०७९।०८० देखिनै जमिनको उपयोगको आधारमा मूल्याङ्कन गरी सोही बमोजिम भूमिकर लगाईनेछ ।

३. घर बहाल कर

यस बेलका नगरपालिका क्षेत्र भित्रकुनै व्यक्तिवा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गावापोखरी पुरै वाआंसिकतवरले बहालमा दिएकोमा तोकिए बमोजिम घर जग्गावहाल कर लगाईने र असुल उपर गरिनेछ।

४. व्यवसाय कर

यस बेलकानगरपालिका क्षेत्रभित्रव्यापार, व्यवसायवा सेवामापुँजीगतलगानी र आर्थिक कारोवारका आधारमा तोकिए बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ ।

५. जडिबुटी, कवाडी र जीवजन्तु कर

यस बेलका नगरपालिका क्षेत्र भित्रकुनै व्यक्तिवा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे बापत तोकिए बमोजिम कर लगाईने र असुल उपर गरिनेछ ।

६. सवारी साधन कर

अशोक कार्की
नगर प्रमुख

यस बेलका नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा तोकिए बमोजिम सवारी साधन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. विज्ञापन कर

यस बेलका नगरपालिका क्षेत्र भित्रहुने विज्ञापनमा बेलका नगरसभाले स्वीकृत गरेको तोकिए बमोजिमको विज्ञापन कर लगाईने र असूलगरिनेछ । तर प्रदेशकानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. मनोरन्जन कर

यस बेलकानगरपालिका क्षेत्र भित्रहुने मनोरन्जनव्यवसाय सेवामा तोकीए बमोजिम मनोरञ्जन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. बहाल बिटौटी शुल्क

यस बेलकानगरपालिका क्षेत्रभित्रआफूले निर्माण, रेखदेख वा संचालन गरेका उल्लेख भएअनुसार हाट बजार वा पसलमा सोही खण्डमा व्यवस्था भएअनुसार बहाल बिटौरी शुल्क लगाईने र असूल गरिनेछ । सरकारी सार्वजनिक जग्गामा निर्माण भएका घर टहराहरुको तोकिएबमोजिम शुल्क लिइनेछ ।

१०. प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क

यस बेलका नगरपालिका क्षेत्र भित्रमा उल्लेख भए अनुसार ढुंगा, गिटी, बालुवा, रोडा, स्लेट, माटो, दहत्तर, बहत्तर जस्ता प्राकृतिक स्रोतहरुको प्राकृतिक स्रोत संकलन तथा बिक्रीगर्दा संकलन तथा बिक्री शुल्क लगाईने र असूल गरिनेछ ।

१२. घर अभिलेखीकरण दस्तुर

यस बेलकानगरपालिका क्षेत्रभित्र सरकारी, सार्वजनिकपर्ति तथाजग्गाधनी प्रमाण पूर्जा भएकाजग्गामानिर्माण भएकाजुनसुकै घरहरुको अभिलेख राख्ने प्रयोजनका लागि उल्लेख भएअनुसार घर अभिलेखीकरण दस्तुर लगाईने र असूल गरिनेछ ।

१३. सेवाशुल्क दस्तुर

यस बेलका नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका उल्लेख भएका स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहिबाट तोकिए बमोजिम शुल्क लगाइने र असूल गरिनेछ ।

१५. पर्यटन शुल्क

यस बेलका नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट उल्लेखीत दरमा पर्यटन शुल्क लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१६. दण्ड जरिवाना र नियमित दस्तुर

यस बेलका नगरपालिकाले आफनो क्षेत्र भित्र नगरपालिकाको स्वीकृती बिना निर्माण भएका भौतिक संरचना, घर तथा अन्य भवन, टहराहरुलाई भवन सहिंता, भवन निर्माण मापदण्ड र नपाबाट स्वीकृत मापदण्ड भित्र पर्नेको हकमा नगरपालिकाको



अशोक कार्की
नगर प्रमुख

निर्णयानुसार नक्सा स्वीकृत गरी नियमित गर्नुपर्ने भएमा उल्लेखित दरमा दण्ड, जरिवाना र नियमित दस्तुर लगाईने र असुल गरिनेछ ।

१७. विविधः नेपालको संविधानले स्थानीय तहको अधिकार क्षेत्र भनि तोकेका विविध विषयमा यस ऐनमा उल्लेख भए बमोजिम कर लगाई असुल गरिनेछ।

१८. दर घटाउन, बढाउन वा छुट दिन सकिने

यस ऐनबमोजिमलगाईएकाशुल्क र करको दर घटाउन, बढाउन वात्यस्तो शुल्क र कर आंशिकवा पूर्ण रुपमा छुट दिन सक्नेछ । यसरी दिइएको छुट सुविधामाप्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असूल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ । करको दर घटाइएको, बढाईएको वाकुनै शुल्क र कर आंशिकवा पूर्ण रुपमा छुट दिइएको विवरण बेलका नगरपालिकाले नगर सभामा पेश गर्नुपर्नेछ ।र सो सम्बन्धी विवरण स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

१९. प्रकिया सरलीकरण वा बाधा अड्काउ फुकाउ गर्न सकिने

आ.व.२०७८।०७९ मा कर संकलन सम्वन्धी प्रयोजनको लागि तयार भएको यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लेखीत कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा बेलका नगरपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

२०. कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

आगामी आर्थिक वर्षका लागि प्रस्तावित कर तथा गैरकर राजश्व दर

अनुसूची १

- नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सम्पत्ति करको दर

| सिनं | रु देखि | रु सम्म | वार्षिक दर |
|---|---|---|---|
| १ | १ देखि | १ लाख सम्म | २० |
| २ | १ लाख देखि | २ लख ५० हजार सम्म | ४० |
| ३ | २ लाख ५० हजार देखि | ३ लाख ७५ हजार सम्म | ६० |
| ४ | ३ लाख ७५ हजार देखि | ५ लाख सम्म | ८० |
| ५ | ५ लाख देखि | ६ लाख २५ हजार सम्म | १०० |
| ६ | ६ लाख २५ हजार देखि | ७ लाख ५० हजार सम्म | १२५ |
| ७ | ७ लाख ५० हजार देखि | ८ लाख ७५ हजार सम्म | १५० |
| ८ | ८ लाख ७५ हजार देखि | १० लाख सम्म | २०० |
| ९ | १० लाख देखि | १२ लाख ५० हजार सम्म | २५० |

| | | | |
|---|---|---|---|
| १० | १२ लाख ५० हजार देखि | १५ लाख सम्म | ३०० |
| ११ | १५ लाख देखि | १७ लाख ५० हजार सम्म | ३२५ |
| १२ | १७ लाख ५० हजार देखि | २० लाख सम्म | ३५० |
| १३ | २० लाख देखि | २२ लाख ५० हजार सम्म | ४४० |
| १४ | २२ लाख ५० हजार देखि | २५ लाख सम्म | ५०० |
| १५ | २५ लाख देखि | २७ लाख ५० हजार सम्म | ६०० |
| १६ | २७ लाख ५० हजार देखि | ३० लाख सम्म | ७५० |
| १७ | ३० लाख देखि | ३५ लाख सम्म | ९५० |
| १८ | ३५ लाख देखि | ४० लाख सम्म | १३०० |
| १९ | ४० लाख देखि | ४५ लाख सम्म | १८०० |
| २० | ४५ लाख देखि | ५० लाख सम्म | २५०० |
| २१ | ५० लाख देखि | ६० लाख सम्म | ३२०० |
| २२ | ६० लाख देखि | ७० लाख सम्म | ४००० |
| २३ | ७० लाख देखि | ८५ लाख सम्म | ५००० |
| २४ | ८५ लाख देखि | १ करोड सम्म | ८००० |
| २५ | १ करोड देखि | १ करोड ५० लाख सम्म | १२००० |
| २७ | १ करोड ५० लाख देखि | २ करोड सम्म | १७००० |
| २७ | २ करोड देखि | ३ करोड सम्म | २५००० |
| २८ | ३ करोड देखि | ४ करोड सम्म | ३५००० |
| २९ | ४ करोड देखि | ५ करोड सम्म | ४८००० |
| ३० | ५ करोड भन्दा माथि | | ६०००० |

सम्पत्तिको मूल्याकनका आधार तथा दर निर्धारण सम्बन्धी व्यवस्थाः

१. घर जग्गाको आकार प्रकार बनौट वा उपयोग वा अचल सम्पत्तिको उत्पादनसिलताको अवस्था
२. नागरिकको जीवनस्तर आर्थिक अवस्था र खर्च गर्न सक्ने क्षमता
३. अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रास मूल्य
४. कार्यविधिद्वारा तोकिएको अन्य विधि

सम्पत्ति करको दर निर्धारण सम्बन्धी व्यवस्थाः

क) प्रत्येक आर्थिक वर्षको श्रावण १ गते करदाताको नाममा रहेको जग्गातथा संरचनालाई त्यस वर्ष निजको स्वामित्वमा रहेको सम्पत्तिमानी त्यसै बमोजिममूल्याङ्कन तथा कर निर्धारण गरिनेछ ।

ख) प्रत्येक व्यक्तिको स्वमित्वमा रहेको नगरक्षेत्र भित्रका सम्पूर्ण सम्पत्तिहरुलाई एकै ठाउँमा राखी मूल्याङ्कन गरिनेछ ।



अशोक कार्की
नगर प्रमुख

ग) नगरपालिका क्षेत्रमाजग्गाको मूल्याङ्कन गर्दा प्रचलित बजार भाउअनुसार जग्गाको मूल्य कायम गर्न निम्नविधिहरुलाई प्रयोगमा ल्याइनेछ ।

घ) करदाताबाट सम्पत्ति विवरण दाखिलागर्दा पेश गरेको आफ्नो जग्गाको चलनचल्तीको मूल्यलाई जग्गाकोमूल्याङ्कनको आधारको रुपमा लिन सकिनेछ ।

ङ) मूल्याङ्कन समितिले क्षेत्र विभाजन गरी कायम गरेको जग्गाको न्यूनतम मुल्याङ्कनलाई जग्गाको मूल्याङ्कनको आधारको रुपमालिइनेछ ।

सम्पत्ति कर प्रयोजनका लागि संरचनाको मूल्यांकन तपसिल अनुसार हुने

| सि.नं. | संरचनाको किसिम | दर (प्रतिवर्गफिट) |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्ट्रक्चर | ६०० |
| २ | आर.सि.सि. छानो, विनापिलर | ५०० |
| ३ | सिमेन्ट जोडाईमा टिनको छाना | ५०० |
| ४ | माटोको जोडाईमा जस्ता, टायलको छाना | ३०० |
| ५ | सिमेन्ट जोडाईमा जस्ता, टायलको छाना | ४५० |
| ६ | काठको घर | २०० |
| ७ | कच्ची घर | १०० |

अनुसूची २

भूमीकर मालपोत दर

क. डेढ विगाह वा सो भन्दा कम जग्गाहुने जग्गावालाको जग्गामा

साविक तपेधरी

| क सं | अब्बल | दोयम | सीम | चहार |
|---|---|---|---|---|
| प्रति कठ्ठा | ३० | २५ | २० | १५ |

मथि तोकीएको भन्दा हाल बे.न.पा. ३, ४, ५, ६, ७, ८ र ९ वडाहरुको मालपोत दर निम्न अनुसार कायम गर्न सिफारिस गरिएको।

डेढ विगाह वा सो भन्दा कम जग्गामा निम्न अनुसार मालपोत दर कायम गर्ने ।

| इकाई | अब्बल | दोयम | सीम | चहार |
|---|---|---|---|---|
| प्रति कठ्ठा | २५ | २० | १५ | १२ |

डेढ विगाह देखि तीन विघाह सम्म जग्गा हुनेहरुको लागि



काकी
प्रमुख

| इकाई | अब्बल | दोयम | सीम | चहार |
|---|---|---|---|---|
| प्रति कट्ठा | ४० | ३५ | ३० | २० |

तीन बिगाह वा सो भन्दा वढी जग्गावाला

| इकाई | अब्बल | दोयम | सीम | चहार |
|---|---|---|---|---|
| प्रति कट्ठा | ५० | ४५ | ४० | ३५ |

बे.न.पा.को बजार क्षेत्रका पिच सडकले छोएका घडेरीहरुको निम्नानुसार मालपोत दर कायम गर्ने

१० धुर भन्दा कमक्षेत्रफलभएको घडेरीको प्रति घडेरी रु.१००।

१०धुर भन्दा वढी एक कट्ठा सम्मको प्रतिकट्ठा घडेरी १५०।

१ कट्ठा देखि ५ कट्ठा सम्मपिचले छोएको प्रतिकट्ठा रु १००।

१ कट्ठा देखि ५ कट्ठा सम्म पिचले नछोएको प्रतिकट्ठा रु ५०।

५ कट्ठा देखि १० कट्ठा सम्म पिचले छोएको प्रतिकट्ठा रु ९०।

५ कट्ठा देखि १० कट्ठा सम्म पिचले नछोएको प्रतिकट्ठा रु ४०।

१० कट्ठा देखि १५ कट्ठा सम्म पिचले छोएको प्रतिकट्ठा रु ७०।

१० कट्ठा देखि १५ कट्ठा सम्म पिचले नछोएको प्रतिकट्ठा रु ३०।

१५ कट्ठा देखि १ बिघाह सम्म पिचले छोएको प्रतिकट्ठा रु ५५।

१५ कट्ठा देखि १ बिघाह सम्म पिचले नछोएको प्रतिकट्ठा रु २५।

१ बिघाह भन्दामाथि पिचले छोएको प्रतिकट्ठा रु ५०।

१ बिघाह भन्दा माथि पिचले नछोएको प्रतिकट्ठा रु २०।

बेलका नगरपालिका बजार क्षेत्रका पिचले नछोएका बाँधडाँडा बजार, पारुहाङ चोक, बेलाहा चोक, पुरन्दह बजारको दर निम्नानुसार कायम गर्न सिफारिस गर्ने

१० धुर भन्दा कम क्षेत्रफल भएको घडेरीको प्रति घडेरी रु ५०।

१० धुर भन्दा वढी एक कट्ठा सम्मको प्रतिकट्ठा घडेरी रु १००।

साविक रामपुर ठोक्सिला गाविस ३, ४, ५, ६ (हालको वडा नं ३) को मालपोत दर निम्नअनुसार कायम गर्ने

ग्राभेल बाटोले छोएको जग्गा वा घडेरी प्रतिकट्ठा रु.३५।

अन्य जग्गाको मालपोत दर निम्नअनुसार कायम गर्ने ।

- डेड बिगाह सम्म जग्गा भएमा प्रतिकट्ठा रु.२५।
- डेड बिगाहभन्दा वढी ३ बिगाह सम्मभएमाप्रतिकट्ठा रु.२०।
- तिनबिगाहभन्दा वढी भएमाप्रतिकट्ठा रु.१५।
- साविक कटुञ्जेववलागाविसको २०७८।०७९ को मालपोत दर निम्न अनुसार कायम गर्न सिफारिस गर्ने।
- प्रति रोपनी, खेतियोग्य जग्गाको हकमा प्रति रोपनी रु १०। तथा पाखो जग्गाको हकमा प्रति रोपनी रु ७।

कायम गर्ने ।

अशोक कार्की
नगर प्रमुख

साविक मैनामैनी गाविस को २०७८।७९ को मालपोत दर खेतियोग्य जमिनको हकमा प्रति कठ्ठा रु १०। तथा पाखो जमिनको हकमा रु ५ कायम गर्ने

घर बहाल कर–

वेलका नगरपालिका क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड (छप्पर) कारखाना,जग्गा वा पोखरी पूरै वा आंसिक रुपमा बहालमा दिएकोमा सम्बन्धीत धनीबाट भाडा रकमको १० प्रतिशत घर बहाल कर कायम गर्ने

व्यवसाय कर

क) व्यापारिक वस्तुहरुको दर

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | चुरोट रक्सी पसल | ३००० | २००० | १५०० |
| २ | मदिराको डिलर | ५००० | | |
| ३ | ज्वेलर्स पसल(ग २० लाख सम्म, ख ५० लाख, क ५० माथी) | ५००० | ४००० | २५०० |
| ४ | निर्माण सामाग्री विक्रेता (हार्डवेयर) | ५००० | | |
| ५ | विधुत समान, टेलिभिजन, क्यामेरा रेडियो, मोबाइलआदि | २००० | १५०० | १००० |
| ६ | पेट्रोलियम पदार्थ विक्रेता (पेट्रोल, डिजल) | ७००० | | |
| ७ | मट्टितेल विक्रेता | १००० | | |
| ८ | सामाग्रीहरु सप्लाई गर्ने (होलसेलर, डिलर) | ५००० | | |

ख) दैनिक उपभोग्य, खाद्य पदार्थ,सुति कपडा आदिको खुद्रा व्यपारको दर

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | किरानापसल | १००० | ७०० | ५०० |
| २ | मनिहारा वा श्रृंगार पसल | १००० | ८०० | ५०० |
| ३ | पान तथा अन्य | ५०० | | |
| ४ | गल्लाखरिद बिक्री | ७०० | ५०० | ४०० |
| ५ | फलफुल, तरकारी पसल | ५०० | ४०० | ३०० |
| ६ | जुत्ता चप्पल पसल | २००० | १००० | ५०० |
| ७ | भाडा वर्तन पसल | १५०० | १००० | ५०० |
| ८ | स्टेशनरी पुस्तक पसल | १५०० | १००० | ५०० |
| ९ | चस्मा घर तथा घडी विक्री पसल | १००० | ८०० | ५०० |
| १० | कपडा पसल | ३००० | २००० | ५०० |
| ११ | तयारी कपडा तथा अन्य | २००० | १५०० | १००० |
| १२ | चिया,नास्ता, मिठाई पसल | १००० | ८०० | १००० |



अशोक कार्की

| | | | | |
|---|---|---|---|---|
| १३ | होटल (खाना खुवाउने) | १००० | ८०० | ५०० |
| १४ | होटल,रेष्टुरेन्ट एण्ड लज | ३००० | २००० | १५०० |
| १५ | लज | १५०० | १००० | ७०० |
| १६ | फर्निचरपसल | ३००० | २००० | १००० |
| १७ | मलखाद,किटनासक औषधी बिक्री | १००० | ८०० | ५०० |
| १८ | कोल्ड ड्रिङ्क्स स्टोर तथा पसल | १५०० | १००० | ८०० |
| १९ | विविध मिक्स पसल जेनेरल स्टोर (इलेक्ट्रोनिक्स तथा अन्य) | २५०० | २००० | १५०० |
| २० | होमस्टे | ५०० | | |

ग) विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवाहरुको दर

| सि.नं | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | चिकित्सक | १५०० | १००० | ७०० |
| २ | कविराज,वैद्य | १००० | ८०० | ५०० |
| ३ | इन्जिनियरिङ सेवा | २००० | १५०० | १००० |
| ४ | कानुनव्यवसायी | १५०० | १००० | ७०० |
| ५ | लेखा परिक्षक | १५०० | १००० | ७०० |
| ६ | दन्तचिकित्सक | १५०० | १००० | ७०० |
| ७ | अनुसन्धानकर्ता तथा परामर्श दाता | १००० | ८०० | ५०० |
| ८ | कम्प्युटर एनलिष्ट तथाप्रोग्रामर | १५०० | १००० | ७०० |
| ९ | बीमाएजेन्ट | १५०० | १००० | ७०० |
| १० | सर्भेयर | १००० | ८०० | ५०० |
| ११ | पशु चिकित्सक | १००० | ८०० | ५०० |
| १२ | शेयर दलाल | १५०० | १००० | ५०० |
| १३ | सामान ढुवानी तथा कम्पनी | २००० | | |

घ) नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायी संस्थाकालागि तोकिएको दर

| नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायी संस्था | | | |
|---|---|---|---|
| क श्रेणी | ख श्रेणी | ग श्रेणी | घ श्रेणी |
| १०००० | ५००० | ३००० | २००० |

ङ) उत्पादनमूलक उद्योगको दर

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | मदिरा उत्पादक | १०,०००।- | ८०००।- | ६०००।- |
| २ | इटा उद्योग | | | १००००।- |
| ३ | सिमेन्ट ब्लक उद्योग | ३०००।- | | |
| ४ | स्टेसनरी उद्योग | ६०००।- | | |
| ५ | साबुन उद्योग | २५००।- | | |
| ६ | मिलउद्योग | ३५०० | ३००० | २५००।- |
| ७ | बिस्कुट उद्योग | २५०० | २००० | १५००।- |
| ८ | पाउरोटी, बेकरी उद्योग | ५०० | | |
| ९ | डेरी उद्योग | २००० | १५०० | १०००।- |
| १० | प्लास्टिक उद्योग | ३००० | २५०० | १५००।- |
| ११ | जुत्ता चप्पल उद्योग | ३००० | २५०० | २०००।- |
| १२ | हस्तकलाउद्योग | २००० | १५०० | १०००।- |
| १३ | तारजालीउद्योग | ३००० | २५०० | २०००।- |
| १४ | साना हस्तकला घरेलु उद्योग | ५००।- | | |
| १५ | चाउमिन, चुक्पा उद्योग | २००० | १५०० | १०००।- |
| १६ | गिटी, बालुवाप्रशोधनउद्योग | १५००० | | |
| १७ | क्रसर उद्योग | २००००।- | | |

च) उर्जा मुलक उद्योगको दर

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | गोबर ग्यास कम्पनी | ५०००।- | | |
| २ | ग्याँस डिलर्स | ३०००।- | | |
| ३ | सोलार बिक्रेता/कम्पनी | २५००।- | | |
| ४ | कोइलातथाप्रकृति तेल ग्याँस उद्योग | ४००० | ३००० | २०००।- |
| ५ | कृषि तथा पशु फर्म एकल उद्देश्य | १००० | ७५० | ५००।- |
| ६ | कृषितथापशु फर्म बहु उद्देश्य | २००० | १५०० | १०००।- |

छ) कृषि तथावन जन्यउद्योगको दर



अशोक कार्की
नगर प्रमुख

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | काठ चिर्नेमिल | | १००००।- | |
| २ | फर्निचर उद्योग | | ३०००।- | |
| ३ | जडीबुटी प्रशोधन केन्द्र | ३००० | २५०० | १५००।- |
| ४ | कृषि/पशु समुह दर्ता तथा नविकरण | | २००।- | |

ज) सेवा उद्योगको दर

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | छापाखाना | | ६०००।- | |
| २ | शित भण्डार | | ५०००।- | |
| ३ | फोटो स्टुडियो | | १५००।- | |
| ४ | विमान सेवा | ५००० | ३००० | १०००।- |
| ५ | ब्याण्ड बाजा सेवा | | १०००।- | |
| ६ | सवारी साधन भाडामा दिने | ४००० | ३००० | १००० |
| ७ | सिनेमा हल | | ५०००।- | |
| ८ | अफसेट प्रिन्ट उद्योग | ६००० | ३५०० | २५०० |
| ९ | सार्वजनिक परिवहनव्यवसाय | ३००० | २००० | १०००।- |
| १० | विभिन्नएजेन्सीहरु (ट्राभल, ट्रेकिङ, ऱ्याटिङ, क्यानोनिङ, बन्जिजम्पिङ, प्याराग्लाईडिङ वीमाआदि) | ३००० | २००० | १०००।- |
| ११ | केवल टि.भी. | | ३००० | |
| १२ | वैदेशिक रोजगारको मुख्यकार्यालय | | १००००।- | |
| १३ | वैदेशिक रोजगारको शाखाकार्यालय | | ५०००।- | |
| १४ | जेट बोट, मोटर बोट, पानीबोट सेवा | | ५०००।- | |

झ) सञ्चार सेवाको दर

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | कुरियर सेवा | | १०००।- | |
| २ | छापा संचार | | १०००।- | |

| | | |
|---|---|---|
| ३ | एफ. एम. रेडियो सञ्चालन | ५०००।- |
| ४ | साईबर | २०००।- |
| ५ | दुरसञ्चार सेवाप्रदायक संस्था (निजि क्षेत्रको) प्रति टावर | ५०००।- |

ञ) वितीय सेवाको दर

| सि.नं. | विवरण | क श्रेणी देखि ग श्रेणी सम्म |
|---|---|---|
| १ | ने. स. को पूर्ण स्वामित्वमा रहेका बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैंक | १५०००।- |
| २ | आर्थिक कारोबार गर्ने वित्तियकम्पनीकामुख्यकार्यालय (मनीट्रान्सफरहरुसमेत) | ७०००।- |
| ३ | बीमाकम्पनी | ७०००।- |
| ५ | विदेशीमुद्रा सटही गर्ने बैङ्क | ३०००।- |
| ६ | ग्रामीण स्वालम्बन बैङ्क | २००० |
| ७ | धितोपत्र कारोबार गर्ने बैङ्क | २०००।- |
| ८ | वित्तियकम्पनीकाशाखाहरु तथाविकास बैङ्क | ६००० |
| ९ | इन्भेस्टमेन्ट कम्पनी | ७००० |

ट) स्वास्थ्य सेवाको दर

| सि.नं. | विवरण | क श्रेणी देखि ग श्रेणी सम्म |
|---|---|---|
| १ | प्राईभेट अपस्पताल | ७५००।- |
| २ | नर्सिङ्होमतथा रिसर्च सेन्टर | ५०००।- |
| ३ | पोलीक्लिनिक | ३५००।- |
| ४ | औषधीपसल | १५०० |
| ५ | क्लिनिकतथाल्याब | २०००।- |

ठ) शिक्षा सेवा (निजी क्षेत्र)को दर

| सि.नं. | विवरण | क श्रेणी देखि ग श्रेणी सम्म |
|---|---|---|
| १ | तालिमतथा अनुसन्धान केन्द्र | २०००।- |



नगर प्रमुख

| | | |
|---|---|---|
| २ | टाइपिङ, कम्प्युटर तथाभाषाप्रशिक्षण संस्था, ट्यूसन इन्स्टिच्यूट | २०००।- |
| ३ | अन्तराष्ट्रिय गैर सरकारी संस्था | ५०००।- |
| ४ | मन्टेश्वरी, बोडर्स | १५०० |
| ५ | गैर सरकारी संस्था | १०००।- |
| ६ | निजिक्षेत्रकाप्राविधिकशिक्षालय | ८००० |

ड। मर्मत संभार सेवाको दर

| सि.नं. | विवरण | क श्रेणी देखि ग श्रेणी सम्म |
|---|---|---|
| १ | साईकल मर्मत पसल | १०००।- |
| २ | मोटर साइकल, टेम्पो आदि मर्मत वर्कशप | २०००।- |
| ३ | हेभीइक्विपमेन्ट, बस, ट्रक, कार, टयाक्सी, ट्रयाक्टर आदि । | २५००।- |
| ४ | रेडियो, टि.भी., कम्प्युटर तथाविधुतीय समान मर्मत केन्द्र | १००० |
| ५ | भाडा बर्तन सुन चादीफलामे बस्तु मर्मत | १०००।- |
| ६ | इलेक्ट्रिक सामान मर्मत | ७०० |
| ७ | छाला ज्याकेट मर्मत बिक्रीपसल | ७००।- |

ढ। अन्य सेवाकोको दर

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | सैलुन संचालन | १०,००।- | | |
| २ | कपडा समेत भएको टेलर्स | १०,००।- | | |
| ३ | ब्युटि पार्लर | १०,००।- | | |
| ४ | ड्राई क्लिनर्स | १०,००।- | | |
| ५ | जुत्ता चप्पल सिलाई | १००।- | | |
| ६ | हाउजिङ्कम्पनीतथा घर जग्गा | १०००० | | |
| ७ | वैदेशिक रोजगार सेवा | १०००० | | |
| ८ | स्वदेशी रोजगार सेवा | ३००० | | |
| ९ | सेक्रेटरी सेवा (सेक्यूरिटी गार्ड, सुरक्षा) | १५०० | १२०० | १०००।- |
| १० | साईन बोर्ड, फ्लेक्स प्रिन्ट सेवा | १०,००।- | | |
| ११ | पशु बधशाला | २०००।- | | |
| १२ | मासु विक्रेता | १०००।- | | |



अशोक कार्की

| | | | | |
|---|---|---|---|---|
| १३ | दर्ता नभएका घुम्ति व्यावसाय सिरक डस्ना बनाउँने कपडा भाँडा जडिबुटी खाद्यान्न आदि | ५००। | | |
| १४ | पसल दर्ता नगरी स्टक राखि घुमुवा व्यवसाय गर्ने पसल | ७००। | | |
| १५ | कवाडी खाना | १०००।- | | |
| १६ | टेलरिङ सेवा | ५००।- | | |
| १७ | साउण्ड सिस्टम, लाउड स्पिकर भाडामा लगाउने | १०००।- | | |
| १८ | विज्ञापन सेवा | ८०० | | |
| १९ | स्निकर खेल | १०००।- | | |
| २० | वेल्डिङ सेवा | १५०० | १००० | ५०० |
| २१ | आइसक्रिम | १००० | ८०० | ५०० |
| २२ | झिंगटी टायल उद्योग | २००० | १५०० | १००० |
| २३ | स्वीटर उद्योग | १००० | ८०० | ५०० |
| २४ | बरफ उद्योग | ३००० | १५०० | ८०० |
| २५ | आइसक्रिमउद्योग | २५०० | १५०० | १००० |
| २६ | कङक्रिट उद्योग | २५०० | १५०० | १००० |
| २७ | सिसा पसल | १५०० | १००० | ५०० |
| २८ | छाला विक्री | ५०० | | |
| २९ | उपहार कार्यक्रम | १५०० | १००० | ५०० |
| ३० | डिपाटमेन्टल स्टोर | ७००० | | |
| ३१ | रेन्टल तथा क्याटरीङ सेवा | १५०० | १००० | ५०० |
| ३२ | बेकरी क्याफे | १५०० | १००० | ५०० |
| ३३ | ड्राईभिङ्ग ईन्सिच्यूट | ४००० | | |
| ३४ | नर्सरी उत्पादन | १००० | | |
| ३५ | पार्क पिकनिक स्पोर्ट ६िक६को ३ण् प्रतिशत | टिकटको १० प्रतिशत | | |
| ३६ | व्यायाम साला | १००० | ८०० | ५०० |
| ३७ | सवारी साधन पार्टपुर्जा (स्पेयर पार्टस) | २००० | १००० | ५०० |
| ३८ | मोटर साईकलतथा टेम्पो विक्री सोरुम | ५००० | ३००० | २००० |
| ३९ | बस, ट्रक,जिप, कार, ट्र्याक्टर डिलर | ७००० | | |
| ४० | साईकलविक्री सोरुम | १५०० | १००० | ५०० |
| ४१ | राईस मिल कुटानी पिसानी | १००० | ८०० | ५०० |
| ४२ | व्यागपसल | १००० | ८०० | ५०० |
| ४३ | टेण्ड हाउस तथा पार्टी प्यालेस | २००० | | |
| ४४ | होम टिभीवितरक | ४००० | | |
| ४५ | माछा पोखरी | ८०० | | |
| ४६ | सवारी साधन सञ्चालन गर्ने प्रा.लि. | ५००० | | |
| ४७ | स्वीमिङ्गपुल | ५००० | | |

| द्रष्टव्यः व्यवसायको वर्ग विभाजन निम्नानुसार कायम गरिनेछ । | |
|---|---|
| १ | चालु पूँजि र स्थित पूँजी गरी जम्मा रु. २ लाख सम्म भएमा ग वर्ग |
| २ | चालु पूँजि र स्थित पूँजी गरी जम्मा रु. १५लाख सम्म भएमा ख वर्ग |
| ३ | चालु पूँजि र स्थित पूँजी गरी जम्मा रु. १५लाख भन्दा माथि भएमा क वर्ग |
| पुनश्चः नगरपालिकाबाट तोकिएको अवधिमा नगर क्षेत्रमा व्यापार-व्यवसाय संचालन गरेबापत वार्षिक रुपमा तिर्नुपर्ने रकम नतिरेमा निम्नानुसारको थप जरिवानालाग्नेछ । | |
| क। | व्यवसायिक प्रमाण पत्र बापत रु. १००।- |
| ख) | व्यवसायिक प्रमाण पत्रको प्रतिलिपी बापत रु. १००।- |
| ग। | म्याद समाप्तभएको मिति देखि अश्विनमसान्त सम्म साविक बमोजिम |
| घ। | त्यसपछि पौष मसान्त सम्मको लाग्ने दस्तुरको२५ % थप |
| ङ। | त्यसपछि असाष्ढमसान्त सम्मको ३५ % थप |
| च। | त्यसपछि प्रत्येक वर्ष ५० % थप |
| | |

ण) कवाडी करको दर

| सि.नं | विवरण | इकाइ | दर | कैफियत |
|---|---|---|---|---|
| १ | खाली सिसी वियरको बोतल | प्रतिगोटा | २०पैसा | |
| २ | अन्य ५०० एम.एम.भन्दा माथिको बोतल सिसी | प्रतिगोटा | १५ पैसा | |
| ३ | अन्य ५०० एम.एम.भन्दा मुनिको बोतल सिसी | प्रतिगोटा | १० पैसा | |
| ४ | पुरानोकागजअखबार | प्रतिके.जी. | ५० पैसा | |
| ५ | अन्यकागज | प्रतिके.जी. | १ रुपैया | |
| ६ | प्लाष्टिक बोरा | प्रतिगोटा | २० पैसा | |
| ७ | फलामको टुक्रा | प्रतिके.जी. | २ रुपैया | |
| ८ | जुटको खालीबोरा | १०० के.जीवाला | ५० पैसा | |
| ९ | जुटको खालीबोरा | ५० के.जीवाला | २५ पैसा | |
| १० | झिन्ड उनको | प्रतिके.जी | २ रुपैया | |
| ११ | पुरानो पित्तलतामा | प्रतिके.जी | ५ रुपैया | |
| १२ | सिलभर | प्रतिके.जी | २ रुपैया | |

| | | | | |
|---|---|---|---|---|
| १३ | सिसाको धुलो वा टुक्रा | प्रतिके.जी | १ रुपैया | |
| १४ | खाली टिन ठूलो १० लिटर भन्दामाथी | प्रतिगोटा | २ रुपैया | |
| १५ | खाली टिन ठूलो १० लिटर भन्दामुनी | प्रतिगोटा | १ रुपैया | |
| १६ | पुरानो ड्रम | प्रतिगोटा | ५० पैसा | |
| १७ | गारमेन्ट कपडाको टुक्रा | प्रतिगोटा | २ रुपैया | |
| १८ | जलेको पुरानो मोबिल ५ केजिको | प्रति लि. | १ रुपैया | |
| १९ | कारपेटको टुका | प्रतिके.जी | २ रुपैया | |
| २० | पुरानो टायर टयूबहरु | प्रतिके.जी | २ रुपैया | |
| २१ | पोलेथिन | प्रतिके.जी | १ रुपैया | |
| २२ | जुट प्लाटिकको बोरा प्रयोगहुननसक्ने | प्रतिके.जी | २० पैसा | |
| २३ | थोत्रा टिन | प्रतिके.जी | ५० पैसा | |
| २४ | प्लास्टीकको बोतल भाडाकुडाँ | प्रतिके.जी | ५० पैसा | |
| २५ | थोत्रो काम नलाग्ने मेशिनरी औजार | प्रतिके.जी | २ रुपैया | |

त) सहकारीहरुको दर्ता तथा नवीकरण

| क्र सं | सहकारीको किसिम | दर्ता दस्तुर | नवीकरण दस्तुर | नाम परिवर्तन तथा विनियम पुनर्लेखन |
|---|---|---|---|---|
| १ | बहुउद्देश्यीय सहकारी | ४००० | १५०० | २००० |
| २ | बचत तथा ऋण सहकरी | ३००० | १००० | १५०० |
| ३ | अन्य एकल उदेश्य भएका सहकारी | २००० | ५०० | १००० |
| ४ | उद्यमी सहकारी/ सिमान्तकृत/लोपोन्मुख/सिल्पकला/महिला व पेशा व्यवसायमा आधारित/विकट भौगोलिक क्षेत्रमा अवस्थित सहकारीहरुका लागि | ५०० | २०० | २०० |
| ५ | सहकारीका लागि प्रतिलिपी सिफारिस विविध | २०० | | |

सवारी साधन लगायतको को दर

| सि.नं | विवरण | इकाइ | आ ब २०७८/०७९ दर | कैफियत |
|---|---|---|---|---|
| १ | अटो रिक्सा इ-रिक्सा थ्रीव्हिर टेम्पो | प्रतिगोटा | रु २०००।- | |
| २ | पावर ट्रिलर | प्रतिगोटा | रु १०००।— | |

अनुसूची ७

विज्ञापन करको दर

अशोक कार्की
नगर प्रमुख

| सि.नं | विवरण | इकाइ | आ.व २०७८/०७९ दर | कैफियत |
|---|---|---|---|---|
| १ | रामपुर बजार र कोठु | प्रतिवर्गफिट | रु ८० | |
| २ | लालबजार, सुपाडे, सोमबारे, आम्बासी चोक | प्रतिवर्गफिट | रु ६० | |
| ३ | अन्यक्षेत्रमा | प्रतिवर्गफिट | रु ४५ | |
| ४ | भित्ते लेखन नगरपालिका भरी | प्रतिवर्गफिट | रु ५ | |

मनोरन्जन करको दर

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | मनोरञ्जनको लागी टिकट खरिद गर्नुपर्ने चलचित्र घर र हाट बजार, मेला, सांस्कृतिकप्रदर्शन हल, थिएटर तथा कन्सर्ट | टिकटमा उल्लेखित रकमको ५ प्रतिशत | |
| २ | मनोरञ्जन करका लागि एकमुष्ट रकमतोकिएको मनोरञ्जनको साधनमा | प्रतिदिन रु.५००।- | |
| ३ | जलयात्रा - शुल्कको ५ प्रतिशत | | |
| ४ | पाराग्लाइडिग - शुल्कको ५ प्रतिशत | | |
| ५ | साहसिक पर्यटन - शुल्कको ५ प्रतिशत | | |
| ६ | पिक्निक स्पोट प्रति टिम | रु ३००। | |

वहाल बिटौरी कर को को दर

| सि.नं | विवरण | इकाइ | दर |
|---|---|---|---|
| १ | नगरपालिकाले आफूले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार, सार्वजनिक स्थल, वाटो छेउ ऐलानीजग्गामा अस्थाई पसल राखदिएवापत | प्रतिवर्गफुट | रु १० |
| २ | नगरपालिकाले आफूले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार, सार्वजनिक स्थल, वाटो छेउ ऐलानीजग्गामा अस्थाई पसल राखदिएवापतवार्षिक रुपमाकर नबुझाएमाविलम्बशुल्क | प्रतिशत | रु १० |
| ३ | बे.न.पा. क्षेत्र भित्रकाऐलानी सार्वजनिकपर्ती जग्गामाघर निर्माण गरी बसोवास गर्ने तथावालीनालीलगाउनेले वार्षिक प्रटिकट्ठा रु.१०० बिटौरी कर असुल गर्ने | प्रतिकट्ठा | रु १००।— |

प्राकृतिक श्रोत संकलन तथा बिक्री शुल्क

क। ढुंगा, गिटी, बालुवा, रोडा संकलन तथा बिक्री शुल्क प्रदेश आर्थिक ऐनबमोजिम हुने

| क्र सं | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिटी, रोडा, ग्राभेल, चट्टान, स्लेट | प्रति क्यू.फिट | रु.६.०० | |
| २ | बालुवा, चिप्स | प्रति क्यू.फिट | रु.४।७५ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | माटो भरौट र बलौट | प्रति क्यू.फिट | ३.०० | |
| ४ | कटिङ्ग ढुंगा | प्रति क्यू.फिट | रु.६१०० | |
| ५ | नदी तथा खोलाले बगाएर ल्याएको काठ, दाउरा आदि (दहत्तर बहत्तर) | प्रति किलो | रु.२१५० | |

घर अभिलेखिकरण दस्तुर

| सि.नं. | संरचनाको किसिम | दर प्रतिबर्गफुट |
|---|---|---|
| १ | पक्की घर २ ढलान वा सो भन्दामाथी | रु ८०० |
| २ | पक्की घर १ ढलान | रु ६०० |
| ३ | इटा जोडाई, टिनको छानो भएको २ तले वा सो भन्दा बढी तलाको घर | रु ५०० |
| ४ | इटा जोडाई, टिनको छानो भएको १ तले घर १२ व.फिट भन्दा बढीको | रु ४०० |
| ५ | इटा जोडाई, टिनको छानो भएको १ तले घर | रु ३०० |
| ६ | काठको घर टिनको छानो भएको २ तले घर | रु २५० |
| ७ | ढुङ्गा माटो जोडाई टिनको छाना भएको | रु २०० |
| ८ | ढुङ्गा माटो जोडाई फुसको घर | रु १०० |
| ९ | टाटीको घर फुसको छानो भएको | रु ५० |
| नोटः नक्सापास गरेको घरको हकमाउक्तअभिलेखीकरण दस्तुर लाग्ने छैन । | | |

पार्किङ्ग व्यवस्थापन शुल्क, सरसफाई शुल्क, पूर्वाधार उपयोग कर

| सि.नं. | विवरण | इकाई | दर |
|---|---|---|---|
| १ | निजीतथा भाडाका लरी, डोजर तथा अन्य हेभी गाडी | प्रतिगोटा | रु ५० |
| २ | निजी तथा भाडाका बस,मिनिबस, ट्रक, ट्याक्टर | प्रतिगोटा | रु ४० |
| ३ | निजी तथा भाडाका टेम्पो, ट्याक्सी, सिटी रिक्सा, ई-रिक्सा, | प्रतिगोटा | रु २० |
| ४ | अन्य सवारी साधन | प्रतिगोटा | रु १० |
| नोटः विदेशी नम्बरको सवारी साधनमा दोब्बर दस्तुर शुल्क लाग्नेछ । | | | |

सेवा शुल्क दस्तुर

१.घर नक्सापास दस्तुर

| सि.नं. | विवरण | इकाई | दर |
|---|---|---|---|
| १ | नक्सापास निवेदन | १५ | तेश्रो तल्ला भन्दा माथीको १२०० व.फिट भन्दा बढीको क्षे.फ. मा भवननिर्माण गर्नुपरेमा स्ट्रक्चर डिजाईन |
| २ | नक्सापास निवेदनफारमकिताव | ५०० | |
| ६३ | नक्सापास दस्तुर | | |

| | | | |
|---|---|---|---|
| | क) भुमिगततल्ला ५ | ५ | पेश गर्नुपर्नेछ । साथै सोको सबै तलाको दर प्रति वर्गफिट थप रु.२ का दरले वृद्धि हुनेछ । |
| | ख) भुई तल्ला | ६ | |
| | ग) पहिलो तल्ला | ७ | |
| | घ) दोस्रो तल्ला | ९ | |
| | ङ) तेस्रो तल्लावा सो भन्दामाथी | १० | |
| ४ | पर्खाल | ३ | |
| ५ | रेखाङ्कन | ५०० | |
